चौमासिक बुलेटिन ०७०/०७१

# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

वर्ष ३, अंक १, श्रावण–कार्तिक, २०७०



## यसभित्र


- वन्यजन्तुको उद्धार
- बच्चा हात्तीको तालिम सम्पन्न
- वन्यजन्तु बाट भएको क्षति
- बाघ दिवश २०१३ सम्पन्न
- बैठक/ निकुञ्ज भ्रमण
- मुद्दा/ पर्यटक/राजश्व/वेरुजुको विवरण
- वन्यजन्तुको मृत्यु/मानविय क्षतीको विवरण
- कार्यक्रमको प्रगति विवरणहरु
- म.क्षे.व्य.स.को बजेट, कार्यक्रम र अनुगमन
- राहत वितरण/ द्यर्ऋँ को अवस्था
- संरक्षण शिक्षा सम्बन्धी कार्यक्रम
- तालिम/गोष्ठि/विविध


## पृष्ठभूमि

दुर्लभ वन्यजन्तु, वनस्पति, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनको लागि वि.सं.२०३० सालमा स्थापना गरिएको चितवन राष्ट्रिय निकुञ्ज नेपालको पहिलो निकुञ्ज हो । ९३२ वर्ग.कि.मि.क्षेत्रफल रहेको यो निकुञ्ज ७४.०४% चितवन, १५.४५% पर्सा, ६.९७% मकवानपुर र ३.५४% नवलपरासी गरी ४ जिल्लामा फैलिएको छ। यस निकुञ्जलाई सन् १९८४ मा यूनेस्कोले विश्व सम्पदा सुचीमा समावेश गरेको छ भने मध्यवर्ती क्षेत्रमा पर्ने बीसहजारी र वरिपरिका ताल सन् २००३ मा अन्तर्राष्ट्रिय महत्वको सिमसारमा समावेश भएको छ।

निकुञ्जको वरिपरि रहेका ३४ वटा गा.वि.स. तथा २ वटा नगरपालिकाहरुको आंशिक तथा पुरै वडाहरु समावेश गरी ७५० वर्ग कि.मि.क्षेत्रफललाई मध्यवर्ती क्षेत्रको रुपमा घोषणा गरिएको छ। मध्यवर्ती क्षेत्रमा सञ्चालन गरिने संरक्षण, सामुदायिक विकास, संरक्षण शिक्षा र आयआर्जन लगायतका कार्यक्रमहरु सञ्चालन गर्नकालागि निकुञ्जले आम्दानी गरेको राजश्वको ३०-५० प्रतिशत सम्म रकम खर्च गर्ने प्रावधान रहेको छ।

## १. संरक्षण गतिविधि

- कार्यालय र अर्न्तगत रहेका सेक्टर, प्रवेशद्वार र पोष्टहरु तथा नेपाली सेनाको नन्दावक्स गण, कसरा र रणदल गुल्म, अमलटारी अर्न्तगतका गुल्म पोष्ट तथा क्याम्पिङ्गहरुबाट (निजामति कर्मचारीमात्र रहेको १५ वटा, नेपाली सेनामात्र रहेको १८ वटा र संयुक्त १८ वटा तथा क्याम्पिङ्ग ३ वटा ) नियमित रुपमा दिवा तथा रात्री गस्ती भै रहेको छ।
- वन्यजन्तुको चोरी शिकारीलाई नियन्त्रण एवं निरुत्साहित गर्न नेपाली सेना र निकुञ्ज कर्मचारीहरुबाट हात्ती समेत परिचालन गरी संयुक्त रुपमा निकुञ्जको विभिन्न क्षेत्रमा क्याम्पिङ्ग तथा स्विपिङ्ग अपरेशनहरु सञ्चालन गरिदै आएको छ।
- वन्यजन्तुको चोरी शिकारी तथा अवैध गतिविधिको दृष्टिकोणले संवेदनशिल मानिएका क्षेत्रहरुमा पूर्वाधार विना नै नेपाली सेना परिचालन गरी क्याम्पिङ्ग र गस्ती कार्य प्रभावकारी बनाइएको छ।
- वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापारलाई नियन्त्रण गर्न परिचालन गरिएको सुराकी सञ्जाललाई प्रभावकारी बनाई सुराकीले दिएको सूचनाको आधारमा गैंडा मारी खाग विक्री व्यवसाय गर्ने लगायतका अवैध क्रियाकलाप गर्ने (वन्यजन्तु, काठ चोरी निकासी, माछा मार्ने) व्यक्तिहरुलाई पक्राउ गरी कानुनी कारवाही गर्ने कार्य भै रहेको छ।

- मध्यवर्ती क्षेत्रमा रहेका मध्यवर्ती सामुदायिक वनका हेरालु र वन्यजन्तु संरक्षणमा परिचालन भएका समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण अभियानका युवाहरुलाई संरक्षण कार्यमा सक्रिय बनाईएको छ । समय समयमा निकुञ्जको कर्मचारी, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका पदाधिकारीहरु, सामुदायिक वन उपभोक्ता समूह र युवा जागरण अभियानका पदाधिकारीहरुलाई अवलोकन भ्रमण, गोष्ठी जस्ता कार्यमा संलग्न गराई जनचेतना अभिवृद्धिको कार्य गरिएको छ ।
- यस चौमासिक अवधिमा चोरी शिकारीहरुबाट गैंडा, बाघ लगायतका दुर्लभ वन्यजन्तुको चोरी शिकार शुन्य रहेको छ ।

## २. वन्यजन्तु व्यवस्थापन

**बाघः** यस निकुञ्जको मध्यवर्ती क्षेत्र मेघौलीको सदावहार मध्यवर्ती सामुदायिक वनबाट मानिस खान पल्केको भाले बाघलाई मिति २०६८।१।१३ गते समातेर कसरा स्थित काठको इन्क्लोजरमा राखी दैनिक रांगाको मासु खुवाएर पालनपोषण गरी व्यवस्थापन गरिएको छ ।

**३. वन्यजन्तु उद्धारः** विभिन्न ठाउँहरुबाट मगरगोही २, चित्तल १, अजिंगर ९ र घडियाल २ वटाको उद्धार गरी निकुञ्ज, मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती वन क्षेत्रमा छाडिएको छ ।

**४. घडियाल गोहीको उद्धारः** मिति २०७०।६।२० गते कसरा स्थित राप्ती पुल गेट मुनी घडियाल गोहीको थुतुनोमा तियारी जाल (Gill-nett) वेरिएको देखिएकोले गोही उद्धार सामग्री सहितको प्राविधिक टोली गई उक्त स्थानवाट (थुतुनोमा मुख वाउन नै नहुने गरी जाल वेरिएको, माछा खान नपाएर घडियालको शरिर सुकी अस्थिपञ्जर जस्तो देखिएको) घडियाललाई उद्धार गरी विषेश हेरचाहको लागि घडियाल संरक्षण प्रजनन केन्द्र, कसरामा राखिएको छ ।

मिति २०७०।७।३ गते निकुञ्जको खोरियामुहान क्षेत्रमा घडियाल गोही मुखमा जाल बेरिएको अवस्थामा देखिएकोले घडियाल संरक्षण प्रजनन् केन्द्रका कर्मचारी गई उक्त गोही समाती मुखमा बेरिएको जाल निकाली उद्धार गरिएको छ । त्यसै गरी मिति २०७०।७।२४ गते बेलटार प्रहरी चौकी नवलपरासीले गण्डक नहर त्रिवेणीबाट १ घडियाल गोहीको उद्धार गरी नारायणी नदी पारी लगि नदीमा छाडिदिएको थियो ।

जाल थुतुनोमा वेरिएर खान नपाएर मरासन्न अवस्थाको घडियाल गोही






**५. हात्तीको बच्चाको तालिमः** यस चौमासिक अवधिको असोज र कार्तिक महिनामा हात्ती प्रजन्न केन्द्र, खोरसोरमा रहेको देवीकली, लक्ष्मीकली र प्रेरणाकली हात्तीको बच्चा क्रमशः लक्ष्मणगज, सिमसिमकली र हिमालगजको हात्ति प्रजन्न केन्द्र सौराहामा तालिम सम्पन्न भएको छ ।

## ६. वन्यजन्तुबाट क्षती :

**जंगली हात्ती**

माडीको अयोध्यापुरी, बगाई, गर्दी गा.वि.स.मा दैनिक जसो आउने जंगली हात्तीले विद्युतीय तारवारको पोल समेत भत्काई गाउंमा पसेर घरगोठ भत्काइ दिने, खेतीबाली खाई नोक्सान गरिदिएको छ । त्यसै गरी पुर्वी क्षेत्रको पिप्ले गा.वि.स.को गिरिजाघाट क्षेत्र र पर्सा जिल्लाको ठोरी क्षेत्रमा पनि जंगली हात्ती निस्केर किसानको धान बाली नोक्सानी गरी दिएको छ ।

समस्या समाधानका लागि विद्युतीय तारवारलाई व्यवस्थित गर्ने, लोकल प्रविधि वोरालाई पुरानो मोविलमा डुवाई खुर्सानीको धुलो छरेर हात्ती गाउंमा पस्ने नाकाहरुमा डोरीमा झुण्डयाई राख्ने, खुर्सानीको धुलो गोवरमा मोलेर सुकाउने र हात्ती आउने स्थानमा उक्त गोवर बालेर राख्दा पिरो धुंवा आउने भएकोले उक्त धुंवाको कारणबाट हात्ती नआउने भन्ने विश्वासका साथ पांचपाण्डव उपभोक्ता समिति अर्न्तगत गर्दी गा.वि.स.को

नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
राष्ट्रिय निकून्ज तथा वन्यजन्तू संरक्षण विभाग
**चितवन राष्ट्रिय निकून्ज कार्यालय कसरा,चितवन**

**चितवन राष्ट्रिय निकून्ज अन्र्तगत मध्यवर्ती क्षेत्रमा वन्यजन्तूबाट भएको क्षतिको वितरण**

| सि.नं. | निवेदकको नाम | ठेगाना | उपभोक्ता समिति | घटना मिति | घटना विवरण | माग गरेको रकम | निर्देशिका अनूसार प्राप्त गर्न सक्ने रकम | | | | | | प्राप्त गरेको राहत रकम | राहत प्राप्त गरेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मानविय क्षति | पशुधन क्षति | घररगोठ | अन्न क्षति | वालिनालीर फलफूल क्षति | जम्मा | | |
| १ | सन्देस तामागं | कूमरोज १ | वूढीराप्ती | २०७०।३।२२ | जंगली हात्तीले गोठ भत्काई नोक्सानी गरेको | १०००।० | | | १०००।० | | | १०००।० | १०००।० | २०७०।६।३ |
| २ | राम वहादूर अधिकारी | कूमरोज १ | वूढीराप्ती | २०७०।३।२२ | जंगली हात्तीले धान वाली नोक्सानी | ४०००।० | | | | | ४०००।० | ४०००।० | ४०००।० | २०७०।६।३ |
| ३ | नेत्र वहादर कार्की | कूमरोज १ | वूढीराप्ती | २०७०।३।२२ | जंगली हात्तीले धान वाली नोक्सानी | ५०००।० | | | | | ५०००।० | ५०००।० | ५०००।० | २०७०।६।३ |
| ४ | भवानी न्यौपाने | कूमरोज १ | वूढीराप्ती | २०७०।३।२२ | जंगली हात्तीले धान वाली नोक्सानी | ५२५०।० | | | | | ५०००।० | ५०००।० | ५०००।० | २०७०।६।३ |
| ५ | जिताराम महतो | र.न.पा. ५ | मृगकून्ज | २०७०।२।७ | चितूवाले २ वटा वाखा मारेको | २४०००।० | | २००००।० | | | | २००००।० | २००००।० | २०७०।६।३ |
| ६ | हिमाशर्मा तिमल्सिना | जगतपूर ९ | केरुगां | २०७०।२।२९ | चितूवाले वाखा मारेको | ८१००।० | | ८१००।० | | | | ८१००।० | ८१००।० | २०७०।६।३ |
| ७ | धन बहादुर वि.क. | जगतपूर ९ | केरुगां | २०७०।२।२६ | चितूवाले वाखा मारेको | ३५००।० | | ३५००।० | | | | ३५००।० | ३५००।० | २०७०।६।३ |
| ८ | जस बहादुर वि.क. | शूक्रनगर ८ | केरुगां | २०७०।२।२७ | चितूवाले वाखा मारेको | ६७५०।० | | ५०००।० | | | | ५०००।० | ५०००।० | २०७०।६।३ |
| ९ | जस बहादुर वि.क. | शूक्रनगर ८ | केरुगां | २०७०।२।२८ | चितूवाले वाखा मारेको | ४५००।० | | ४५००।० | | | | ४५००।० | ४५००।० | २०७०।६।३ |
| १० | सोमल वोटेको (श्रीमती इन्द्र कुमारी वोटे) | गर्दी ४ | पाचपाण्डव | २०७०।४।०५ | गैंडाको आक्रमणवाट मानव मृत्यू | ३०००००।० | ३०००००।० | | | | | ३०००००।० | ३०००००।० | २०७०।६।३ |
| ११ | देवी कूमारी श्रेष्ठ | गर्दी ७ | पाचपाण्डव | २०७०।४।०७ | वाघले भैंसी मारेको | ५५०००।० | | १००००।० | | | | १००००।० | १००००।० | २०७०।६।३ |
| १२ | ऋषिराम आचार्य | कल्याणपूर ३ | रेवा | २०७०।३।२० | चितूवाले वाखा मारेको | १६०००।० | | १००००।० | | | | १००००।० | १००००।० | २०७०।६।३ |
| १३ | विजय पौडेल | कल्याणपूर ४ | रेवा | २०७०।२।७ | वाघको आक्रमणवाट घाईते | २४६३०।० | २४६००।० | | | | | २४६००।० | २४६००।० | २०७०।६।३ |
| १४ | चन्द,वहादुर राई | कल्याणपूर ९ | रेवा | २०७०।२।१३ | वाघको आक्रमणवाट घाईते | ४२७९२।० | ३७१००।० | | | | | ३७१००।० | ३७१००।० | २०७०।६।३ |
| १५ | हरिलाल देवकोटा | अयोध्यापूरी ८ | अयोध्यापूरी | २०७०।२।१३ | जंगली हात्तीले धान वाली नोक्सानी | १०००।० | | | | | १०००।० | १०००।० | १०००।० | २०७०।६।३ |
| १६ | ईन्द्र कूमारी सार्की | अयोध्यापूरी ७ | अयोध्यापूरी | २०७०।२।८ | जंगली वदेलको आक्रमणवाट घाईते | ९५२३।० | ९५००।० | | | | | ९५००।० | ९५००।० | २०७०।६।३ |
| १७ | वावूराम गिरी | अयोध्यापूरी ७ | अयोध्यापूरी | २०७०।२।१ | जंगली वदेलको आक्रमणवाट घाईते | २९१८।० | २९००।० | | | | | २९००।० | २९००।० | २०७०।६।३ |
| १८ | सूसिला गैरे | दूम्कीवास ६ | दाउन्नेदेवी | २०७०।२।१२ | चितूवाले व्याउने वाखा मारेको | ८०००।० | | ८०००।० | | | | ८०००।० | ८०००।० | २०७०।६।३ |
| १९ | घाईते विकास न्यौपानेको वूवा विष्णू प्रसाद न्यौपाने | गितानगर ४ | वरण्डाभार | २०७०।१।२६ | वाघको आक्रमणवाट घाईते | ९८९२७।० | ५००००।० | | | | | ५००००।० | ५००००।० | २०७०।६।३ |
| २० | शिवहरी सूवेदी | अयोध्यापूरी ८ | अयोध्यापूरी | २०७०।३।५ | जंगली हात्तीले धान वाली नोक्सानी | १०००।० | | | | | १०००।० | १०००।० | १०००।० | २०७०।६।३ |
| २१ | नारदमणी पौडेल | अयोध्यापूरी ८ | अयोध्यापूरी | २०७०।३।३ | जंगली हात्तीले मकैं वाली नोक्सानी | १२००।० | | | | | १०००।० | १०००।० | १०००।० | २०७०।६।३ |
| २२ | दिलमाया तिमिल्सीना | अयोध्यापूरी ८ | अयोध्यापूरी | २०७०।४।६ | जंगली हात्तीले पक्कि सौचालय भत्काई नोक्सानी गरेको | १०००।० | | | १०००।० | | | १०००।० | १०००।० | २०७०।६।३ |
| २३ | भिमसेन थापा | त्रिवेणी ८ | त्रिवेणी | २०७०।४।३ | वाघले वाखा मारेको | ६०००।० | | ६०००।० | | | | ६०००।० | ६०००।० | २०७०।६।३ |
| २४ | गोपाल थापा | त्रिवेणी २ | त्रिवेणी | २०७०।४।५ | वाघले वाखा मारेको | ६०००।० | | ६०००।० | | | | ६०००।० | ६०००।० | २०७०।६।३ |
| | **जम्मा** | | | | | **६८२८९०।०** | **४२४१००।०** | **८११००।०** | **२०००।०** | **०।०** | **४४०००।०** | **५६९२००।०** | **५६९२००।०** | |

नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
राष्ट्रिय निकून्ज तथा वन्यजन्तू संरक्षण विभाग
**चितवन राष्ट्रिय निकून्ज कार्यालय कसरा,चितवन**
चितवन राष्ट्रिय निकून्ज अन्र्तगत मध्यवर्ती क्षेत्रमा वन्यजन्तूबाट भएको क्षतिको मिति २०७०।८।१२ मा वितरण राहत रकम

| सि.नं. | निवेदकको नाम | ठेगाना | उपभोक्ता समिति | घटना मिति | घटना विवरण | माग गरेको रकम | निर्देशिका अनूसार प्राप्त गर्न सक्ने रकम | | | | | | प्राप्त गरेको राहत रकम | राहत प्राप्त गरेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मानविय क्षति | पशुधन क्षति | घररगोठ | अन्न क्षति | वालिनालीर फलफूल क्षति | जम्मा | | |
| १ | भोटे घर्ती | अयोध्यापूरी ८ | अयोध्यापूरी | २०७०।५।१ | गैंडाले वाली क्षति | ६०००।० | | | | | ६०००।० | ६०००।० | ६०००।० | २०७०।८।१२ |
| २ | शान्ती वि.क. | अयोध्यापूरी ८ | अयोध्यापूरी | २०७०।४।२९ | गैंडाले वाली क्षति | ६०००।० | | | | | ६०००।० | ६०००।० | ६०००।० | २०७०।८।१२ |
| ३ | ठकुरी चौधरी | कठार १ | खगेन्द्रमल्ली | २०७०।४।३० | चितूवाले वाखा मारेको | २०००।० | | २०००।० | | | | २०००।० | २००० | २०७०।८।१२ |
| ४ | विनोद थापा | त्रिवेणी ८ | त्रिवेणी | २०७०।५।१८ | वाघले वाखा मारेको | ७५००।० | | ७५००।० | | | | ७५००।० | ७५०० | २०७०।८।१२ |
| ५ | शिवहरी सुवेदी | अयोध्यापूरी ८ | अयोध्यापूरी | २०७०।५।१७ | गैंडाले वाली क्षति | १००००।० | | | | | १००००।० | १००००।० | १०००० | २०७०।८।१२ |
| ६ | भोजराज आचार्य | अयोध्यापूरी १ | पाचपाण्डव | २०७०।०६।०३ | हात्तीले वाली क्षति | १००००।० | | | | | १००००।० | १००००।० | १०००० | २०७०।८।१२ |
| ७ | धनश्याम पौडेल | अयोध्यापूरी १ | पाचपाण्डव | २०७०।०६।०२ | हात्तीले वाली क्षति | १००००।० | | | | | १००००।० | १००००।० | १०००० | २०७०।८।१२ |
| ८ | मायानाथ अधिकारी | अयोध्यापूरी ९ | अयोध्यापूरी | २०७०।५।१ | गैंडाले वाली क्षति | ८०००।० | | | | | ८०००।० | ८०००।० | ८०००।० | २०७०।८।१२ |
| | **जम्मा** | | | | | **५९५००।०** | **०।०** | **९५००।०** | **०।०** | **०।०** | **५००००।०** | **५९५००।०** | **५९५००।०** | |
| | | | | | कुल जम्मा | **७४२३९०।०** | **४२४१००।०** | **९०६००।०** | **२०००।०** | **०।०** | **९४०००।०** | **६२८७००।०** | **६२८७००।०** | |

वडा नं १ अमिलियामा प्रयोग भई रहेको छ। त्यस्तै सोही क्षेत्रमा हात्ति धपाउनको लागि ट्र्याक्टरको समेत प्रयोग गरिएको छ।

## बाघ

माडीको अयोध्यापुरी गा.वि.स. मा पर्ने देवेन्द्रपुर क्षेत्रमा कार्तिक महिनामा बाघले घरपालुवा जनावरहरु (भैंसी, गोरु, गाई) १२ वटा मारी गाउँमा आतंक मच्चाइ गाँऊ घर नजिकै बस्ने गरेकोले थप घरपालुवा जनावर र मानविय क्षति हुन नदीनको लागि उक्त क्षेत्रमा यस कार्यालयबाट १० वटा हात्ती र निकुञ्ज तथा राष्ट्रिय प्रकृति संरक्षण कोष/जैविक विविधता संरक्षण केन्द्रबाट कर्मचारी र पशु चिकित्सक सहितको प्राविधिक टोली खटाई बाघ नियन्त्रण गर्ने प्रयास भएको थियो। मध्यवर्ती क्षेत्रको विभिन्न उपभोक्ता समिति अन्तर्गत भएको मानवीय क्षती तथा अन्य क्षतिको विवरण र वन्यजन्तु बाट भएको क्षतिको राहत सहयोग निर्देशिका २०६९ वमोजिम प्राप्त गरेको राहत विवरण देहाय वमोजिम रहेको छ।

## ७. विश्व बाघ दिवस -२०१३

सन् २०१३ जुलाई २९ (तदनुसार श्रावण १४, २०७०) का दिन चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, पर्सा वन्यजन्तु आरक्ष कार्यालय, तराई भू-परिधि कार्यक्रम, राष्ट्रिय प्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्र र जिल्ला वन कार्यालयको संयुक्त आयोजनामा यस निकुञ्जको पूर्वी सेक्टर सौराहामा विश्व बाघ दिवस-२०१३ एक समारोहका साथ सम्पन्न भयो । उक्त कार्यक्रम मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष श्री यमबहादुर परियारको सभापतित्व, प्रमुख अतिथि पूर्व वन सचिव डा.उदयराज शर्मा, विशिष्ठ अतिथि राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागका संस्थापक महानिर्देशक श्री विश्वनाथ उप्रेती, उपमहा निर्देशक श्री टिकाराम अधिकारी, राजनितिक दलका अध्यक्ष एवं प्रतिनिधिहरु लगायत मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्षहरु, मध्यवर्ती सामुदायिक वन समूहका प्रतिनिधिहरु, जिल्ला वन कार्यालय पर्सा, पर्सा वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति पर्सा वन्यजन्तु आरक्ष, सामुदायिक वन उपभोक्ता महासंघ चितवन, पर्यटन व्यवसायीहरु, प्रमुख जिल्ला अधिकारी चितवन, जिल्ला वन अधिकृत चितवन, एस.एस.पी. जिल्ला प्रहरी कार्यालय भरतपुर, नन्दाबक्स गण कसरा ब्यारेक, रणदल गुल्म अमलटारी ब्यारेक, तराई भू-परिधि कार्यक्रम, जैविक विविधता संरक्षण केन्द्र, विभिन्न संचार माध्यमका पत्रकारहरु साथै अन्य संरक्षणमा सरोकार राख्ने संघसंस्था, व्यक्तिहरु गरी करिव २५० भन्दा बढिको उपस्थिति थियो । कार्यक्रममा प्रमुख संरक्षण अधिकृत श्री कमलजंङ्ग कुँवरबाट निकुञ्जको गतिविधिका बारेमा प्रस्तुतीकरण भएको थियो । उक्त दिन चितवन-पर्सा कम्प्लेक्सको बाघ गणना २०१३ को तथ्यांक सार्वजनिक गरिएको थियो । तथ्यांक अनुसार यस निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा बाघको संख्या १२० रहेको छ । साथै मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति-चितवन राष्ट्रिय निकुञ्जको तर्फबाट संरक्षण कार्यमा राम्रो काम गर्ने कर्मचारी, उपभोक्ता समिति, समूह, विभिन्न संघसंस्था, व्यक्तिहरु र जंगली जनावरको आक्रमणबाट घाइते तथा पीडित परिवार गरी ५२ जनालाई प्रमाण-पत्र, उपहार र दोसल्लासहित सम्मान गरिएको थियो । यसै कार्यक्रममा चित्रवहादुर कुँवर स्मृति गैंडा संरक्षण प्रतिष्ठानबाट २०७० सालमा बाघको आक्रमणमा परी घाइते भएका ४ जनालाई उपचार खर्च बापत जनही रु ५ हजारका दरले उपलव्ध गराइएको थियो । यसै अवसरमा कार्यक्रमका प्रमुख अतिथि लगायत जिल्लास्थित राजनीतिक दलका प्रमुख एंव प्रतिनिधिहरुलाई मायाको चिनो स्वरुप काठको गैंडा र हात्ती प्रदान गरिएको थियो ।

## ८. निकुञ्जभित्रको वनपथ मर्मत सुधार

: निकुञ्जभित्र रहेका वनपथहरु मध्ये केही खण्ड मर्मत सुधार गर्ने कार्य सम्पन्न भएको र केही स्थानहरुमा मर्मत कार्य भई रहको छ । वर्षादको समयमा रोकिएको बाटोको वरिपरि अग्लो अग्लो ढड्डी, घांस र बाटो मा लडेका रुखहरु हटाउने कार्य सम्पन्न भए पश्चात वनपथहरु सुचारु भएका छन । त्यसै गरी पर्यटकहरुको लागि जंगल ड्राईभ खुला गरी हाल संचालन भईरहेको छ ।

## ९. बैठक

प्रत्येक महिनाको ३ गते यस कार्यालयको कर्मचारी बैठक नियमित भएको छ । त्यसै गरी २०७० श्रावण १ र ११ गते मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अन्तरगतको आर्थिक उप समितिको बैठक सम्पन्न भएको छ ।

भाद्र ११ गते मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष श्री यमवहादुर परियारको अध्यक्षतामा यस कार्यालयको कसरामा बैठक सम्पन्न भयो । सोही दिन मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अन्तरगतको आर्थिक उप समितिको समेत बैठक बसी विभिन्न विषयहरुमा छलफल तथा निर्णय भयो ।

२०७० श्रावण २१ गते क्षेत्रीय वन निर्देशनालय, हेटौडाका क्षेत्रिय वन निर्देशक श्री राजदेव प्रसाद यादवज्यूको अध्यक्षतामा वन्यजन्तु संरक्षणको लागि क्षेत्रीय सहयोग प्रवर्धन आयोजनाद्वारा राष्ट्रिय निकुञ्ज र जैविक विविधता संरक्षण केन्द्रबाट भएको कार्यक्रमहरुको सम्वन्धमा समन्वय बैठक सौराहामा बसी IDA कार्यक्रम अन्तरगत संचालन हुने तालिमहरु, सर्लाही जिल्लामा जंगली हात्तीले धनजनको क्षति पुऱ्याएको हुँदा सो जंगली हात्तीलाई नियन्त्रण गर्न निकुञ्ज र जैविक विविधता संरक्षण केन्द्रंको संयुक्त प्राविधिक टोलीलाई सम्पर्कमा राख्ने जस्ता विभिन्न विषयमा छलफल तथा निर्णयहरु भएको थियो । उक्त कार्यक्रममा प्रमुख संरक्षण अधिकृत श्री कमलजङ्ग कुँवर सहभागी हुनु भएको थियो ।

## १०. मुद्दाको विवरण

गत आ.व.को ८४ वटा र यस अवधिमा दर्ता भएका ११ वटा गरी जम्मा ९५ वटा मुद्दा मध्ये यस अवधिमा ६ वटा फैसला भई ८९ वटा मुद्दा फैसला हुन बांकी रहेको छ । यस अवधिमा विभिन्न मुद्दामा ६२ जना प्रकाउ गरिएकोमा १७ जना पुर्पक्षको लागि थुनामा राख्न कारागार पठाइएको छ भने २० जना धरौट राखी तारेखमा र २५ जनालाई जरिवाना गरी छाडिएको छ ।

| विवरण | गत आ.व.को जिम्मेवारी सरी आएको | यस अवधिमा दर्ता | जम्मा मुद्दा थान | यस अवधिमा फैसला | बांकी मुद्दा |
|---|---|---|---|---|---|
| १. गैंडाको खाग बिक्रि | ३१ | ५ | ३६ | ३ | ३३ |
| २. बाघ | १ | ० | १ | ० | १ |
| ३. अन्य वन्यजन्तु | ९ | २ | ११ | २ | ९ |
| ४. वन पैदावार काठ | ३७ | ३ | ४० | १ | ३९ |
| ५. वन अतिक्रमण | २ | ० | २ | ० | २ |
| ६. बिना अनुमति प्रवेश | ४ | १ | ५ | ० | ५ |
| जम्मा | ८४ | ११ | ९५ | ६ | ८९ |

## ११. पर्यटक विवरण

| क्र. सं. | पर्यटक विवरण | चौमासिक अवधिको जम्मा | |
|---|---|---|---|
| | | ०६९ श्रावण कार्तिक | ०७० श्रावण कार्तिक |
| १ | विदेशी | ४३१८३ | ४७०२५ |
| २ | सार्क | ३३४६ | ४०११ |
| ३ | नेपाली | ८९५१ | ८५०२ |
| ४ | जम्मा | ५५४८० | ५९५३८ |
| नोट | गत आ.व. यस अवधिमा भन्दा यस आ.व.मा. ४०५८ जनाले बढी | | |

## १२. राजश्व विवरण

| क्र. सं. | विवरण | चौमासिक अवधिको जम्मा | |
|---|---|---|---|
| | | ०६९ श्रावण कार्तिक | ०७० श्रावण कार्तिक |
| १ | प्रवेश शुल्क | ४१५९७९७४०० | ४९५६०७००/०० |
| २ | हात्ती | १६७५०० | १८२५००/०० |
| ३ | सुविधा प्राप्त बाटो | ३६४५५० | ५४७८१०/०० |
| ४ | जंगल ड्राइभ | ९८०००० | १०८८०००/०० |
| ५ | दण्ड जरिवाना | ३१०० | ६९२५९८/०० |
| ६ | घाट ठेक्का | ० | ०/०० |
| ७ | खरखडाइ | ० | ०/०० |
| ८ | गिट्टी बालुवा | १५६४५७१/१९ | ९०३६/०० |
| ९ | टेण्डर फाराम | ३६०० | ०/०० |
| १० | वन पदावार | ० | ८५९२१/३८ |
| ११ | विविध | ३३४८०० | २४०२००/०० |
| १२ | डुंगा सफारी | ० | ६००००/०० |
| १३ | भ्याट | १७७९७२/७५ | २२९२४/७८ |
| १४ | लिलाम | | ०/०० |
| | जम्मा | ४१६३३९३४९४ | ५२५७१०१४/१६ |

## १३.बेरुजु विवरण

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | बेरुजु | ४,९१,७२,३४३।६६ |
| २ | फछ्र्योट | १,५८,२४,०००।०० |
| ३ | फछ्र्योटो लागि कारवाही भएको | ३८,३४,८७८।१७ |

## १४.वन्यजन्तुको मृत्यु

| सि. नं. | वन्य जन्तु | बिबरण |
|---|---|---|
| १ | गैंडा पोथी | निकुञ्जको लौखानी प्रवेशद्वारको क्षेत्र लौगाई देखि करिव १ कि.मी. निकुञ्जभित्र नारायणी नदीको किनार (जि.पि.एस .लोकेसन ०५१८८६६- ३०५७९०३) मा मिति ०७०।४।१५ गते दिउसो मृत अवस्थामा भेटिएको। पोथी गैंडा ४/५ दिन अगाडि देखि कमजोर अवस्थामा रहेको बुढो अशक्त गैंडालाई प्रवेशद्वारका कर्मचारी बाट निगरानिमा राखिएको थियो। कालगतिले मृत्यु भएको करिव ३५/३६ वर्ष जतिको गैंडाको दाँत खिएको, पोष्टमार्टम गर्दा पेटमा ११/१२ महिना जतिको मृत बच्चा रहको थियो। मृत बच्चाको छाल Stuffing गरी राख्नको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्र सौराहामा पठाइएको छ। उक्त गैंडाको खाग १ थान र खुर १२ थान सवुत रहेको छ। |
| २ | गैंडा भाले | मेघौली उपभोक्ता समिति अर्न्तगत बरदाह मध्यवर्ती सामुदायिक वनको बदाम पाटे टापु नजिक नारायणी नदीमा मिति २०७०।५।१४ गते ५/७ दिन अगाडी एक आपसमा जुधेर मरेको गैंडाको खाग १ थान र खुर १२ थान सवुत रहेको छ। |
| ३ | गैंडा भाले | मिति २०७०।७।२० गते निकुञ्जको बाघमारा क्षेत्रमा करिव २६/२७ वर्षको भाले गैंडा कालगतिले मृत्यु भएको अवस्थामा भेटिएको छ। उक्त गैंडाको खाग १ थान र खुर खुर १२ थान सवुत रहेको छ। |
| ४ | गैंडा भाले | सेराताल नजिक मिति २०७०।७।२४ गते गैंडाको भाले पोथी जुधेर भाले गैडाले हानी मारेको अनुमान गरिएको करिव ३ महिनाको भाले बच्चा गैंडाको मृत्यु भएको छ। |
| ५ | चित्तल | दिव्यपुरी, नयाँबेलहानी, बाघमारा, देवनगर र वेलसहरमा बाघले र भुस्याहा कुकुरले लखेटी ८ वटा चित्तलको मृत्यु भएको छ। |

## १५.वन्यजन्तुबाट भएको मानवीय क्षतीको विवरण

| सि.नं | घटनामिति | नाम थर | लिङ्ग | ठेगाना | मृत्यु/घाइतेको व्यहोरा |
|---|---|---|---|---|---|
| १ | २०७०।४।५ | सोमल बोट | पुरुष | जिल्ला चितवन गर्दी गा.वि.स. वडा नं. ४ | रिउ नदीमा माछा मार्न गएको अवस्थामा गैंडाले हान्दा घटनास्थलमै मृत्यु भएको। |
| २ | ०७०।५।२७ | भरत पाण्डे | पुरुष | रोयलपार्क होटल, सौराहाको नेचर गाइड | सौराहाबाट विदेशी पर्यटकलाई जंगलवाकमा कसरातर्फ गएका बखत विक्रमबाबा क्षेत्रमा दिउसो ३ बजे गैंडाले हानी घाइते बनाएको र उपचारको लागि भरतपुर मेडिकल कलेज पुऱ्याएकोमा उपचारको क्रममा ५.३० बजे मृत्यु भएको। |
| २ | ०७०।६।१५ | माया सिंह दराई<br>मंगली दराई<br>अमली दराई | पुरुष<br>महिला<br>महिला | सौराहा क्षेत्र | घांस काटन जांदा गैंडाले आक्रमण घाइते बनाएको |
| ३ | ०७०।७।१५ | | | गर्दी गा.वि.स. को कुन्तिपुर | घांस काटन जांदा भालुको आक्रमणमा परी ३ जना मानिस घाइते भएको। |

## १६.कार्यक्रमको प्रगति विवरणहरु (संक्षेपमा)

| सि.नं. | कार्य विवरण | इकाई | प्रथम चौमासिक | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | कार्य लक्ष्य | | प्रगति | | |
| **निकूञ्ज आयोजनातर्फ** | | | परिमाण | भार | परि माण | भार | |
| अ. | पुजिगंत खर्च शिर्षक अर्न्तगतका कार्यक्रमहरु (३२९११५४)जम्मा | | ८१० | ७४४ | ८१० | ७४४ | १०० |
| आ. | चाल खर्च कार्यक्रमहरु (३२९११५३) तर्फको जम्मा | | २७५५ | २५।३४ | २७३५ | २५।२ | ९९।२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | **हात्तीसारतर्फ :** | | | | | | |
| अ. | पुजिगंत खर्च अर्न्तगतका कार्यक्रमहरु (३२९०१९४) जम्मा | | ३० | ४।९६ | ३० | ४।९६ | १०० |
| आ | चालु खर्च अर्न्तगतका कार्यक्रमहरु (३२९०१९३) जम्मा | | ३० | ४।९६ | ३० | ४।९६ | १०० |
| | | | | | | | |
| **वन्यजन्तु संरक्षणको लागि क्षेत्रीय सहयोग प्रर्वधन आयोजना कार्यक्रमतर्फ** | | | | | | | |
| अ. | पुजिगंत खर्च शिर्षक अर्न्तगतका कार्यक्रमहरु (३२९१२७४) जम्मा | | २४५० | २९।५ | १४२५ | १७।१ | १०० |
| आ | चालु खर्च शिर्षक अर्न्तगतका कार्यक्रमहरु (३२९१२७३) | | १५८० | १९ | १५८० | १९ | १०० |
| | | | | | | | |

## १७ तराई भू-परिधि कार्यक्रम

चालु आ.व. ०७०।७१ को लागि विभिन्न शिर्षकमा वजेट विनियोजन भई आएको कार्यक्रमहरु मध्ये प्रथम चौमासिक अवधिमा गर्नु पर्ने कार्यहरु सम्पन्न भएका छन् ।

## १८.मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको वजेट र कार्यक्रम

मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले यस अवधिमा नियमानुसार प्राप्त गर्ने वजेट तथा कार्यक्रमहरु तयार गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पेश भै सकेको छ । तर हालसम्म निकासा नभएको हुँदा मध्यवर्ती क्षेत्रबाट गरिने कुनै पनि कार्यक्रमहरु संचालन हुन सकेका छैनन् ।

## ९ जैविक विविधता संरक्षण सुविधा कोष (BCF) को अवस्था

| | |
|---|---|
| सहकारी संस्था :२३ वटा | शेयर सदस्य १४,३०९ (पुरुष ६३४७, महिला ७९६२) |
| कुल शेयर पुजि : रु १,३५,९३,२४८।०० | संस्थाको कुल बचत रु १०,२५,०८,९९९।०० |
| संस्थाहरुको आन्तरिक ऋण परिचालन : रु १२,३१,५३,७८९।०० | BCF लगानी भएका संस्था : १३ वटा |
| संस्थाहरुमा लगानी रही रहेको कुल ऋण रु २७,३९,५३५।०० | बैंक मौज्दात :रु ३५,६८,८६२।९४ |
| समुह अर्न्तगत रहेको असुल हुनु पर्ने ऋण रु १,२७,०२८।०० | कुल BCF कोष रकम रु ६४,३५,४२५।९४ |

## २०.तालिम/गोष्ठि/भ्रमण

| क्र.सं. | कर्मचारीको नाम,थर | तालीम/ गोष्ठी / भ्रमण | अवधि | स्थान | आयोजक |
|---|---|---|---|---|---|
| १ | रे.छत्रवहादुर खड्का,रे.ऋषिराम ढकाल,रे.अविनाश थापा मगर, रे. बसन्त देवकोटा, गे.भिमराज श्रेष्ठ | जिविकोपार्जन सुधार योजना संवन्धी तालिम | २०७०।५।१७-२० गतेसम्म ४ दिन | मध्यमाञ्चल क्षेत्रिय वन निर्देशनालय, हेटौडा | वन विभाग |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | गेमस्काउट लोकराज न्यौपाने र गेमस्काउट तेजन लामिछाने | Tiger Prey base and monitoring | २०७०।५।१३ देखि २०७०।५।१९ | सौराहा | जैविक विविधता संरक्षण केन्द्र |
| ३ | गेमस्काउट श्री सुकराम दराई | भ्रमण | ६ दिन | पुर्वाञ्चल, दार्जिलिङ, सिक्किम | बर्दाहा मध्यवर्ती सामुदायिक वन |
| ४ | स.सं.अ. श्री रुपक महर्जन | UAV सम्वन्धि तालिम | २०७०।७५ देखि २०७०।७८ | सौराहा, चितवन | WWF Nepal |

## २१. विविध

निकुञ्जमा सोलार बत्ती जडान : निकुञ्ज संरक्षण र व्यवस्थापनको लागि निकुञ्ज भित्रका अधिकांश पोष्टहरुमा विजुली बत्ती नभइ टुकी बालेर बस्नु पर्ने र संचारको लागि मोवाईलको व्याट्री चार्ज गर्न असुविधा रहेको थियो । निकुञ्ज संरक्षणका लागि घना जंगलको बीचमा वसेर काम गरी रहेका सुरक्षाकर्मी र निकुञ्ज तथा हात्तीसारका कर्मचारीको न्यूनतम आवश्यकता पुर्तिका लागि Public Private Partnership कार्यक्रमबाट हालसम्म २७ पोष्टमा सोलार वत्ती जडान गरिएको छ । उक्त कार्यको लागि यहाँका पर्यटन व्यवसायी, संघ संस्था र मध्यवर्ती सामुदायिक वनबाट सहयोग प्राप्त भएको थियो ।

### जंगली हाती नियन्त्रण :

जिल्ला वन कार्यालय सर्लाहीको क्षेत्रमा गाउँ वस्तीमा प्रवेश गरी मानिस मार्ने, घरगोठ क्षति गर्ने जंगली हात्तीलाई नियन्त्रण गर्ने सिलसिलामा यस निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्रका प्राविधिकहरुको टोलीलाई २ पटकसम्म पठाइएको थियो । यस प्रकारका कार्यहरुका लागि बजेट अभाव तथा यस कार्यालयको कार्य बोझका कारण समस्या सृजना भएको छ । समस्याग्रस्त वन्यजन्तुहरुको नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यक स्रोत साधनसहितको टोली र नीतिगत व्यवस्था हुन अत्यावश्यक रहेको छ । आवश्यक बजेट, साधन र स्रोत क्षेत्रिय वन निर्देशनालयमा विनियोजित भई टोलीको परिचालन गर्न उपयुक्त हुने देखिन्छ ।

पठाउनेको नामः ..............................................

ठेगानाः ..............................................

..............................................

..............................................

## थप जानकारीको लागि सम्पर्क

**चितवन राष्ट्रिय निकुञ्ज कार्यालय**

कसरा, चितवन ।

फोन नं. : ०५६-४११०२४

इमेल : *info@chitwannationalpark.gov.np*

वेवसाइट :*www.chitwannationalpark.gov.np*